जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY



कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।



**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**

गोलबजार नगरपालिका-६, सिरहा

फोन नं.: ०३३-५४०३५६

मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६

इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com



बर्षः ११, अंकः २५ पृष्ठः ४ | २०८१ जेष्ठ ०२ गते बुधबार (Wednesday 15 May 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com




**झुल वितरणः** गर्मी र वर्षातको मौसम सुरु भएपछि लामखुट्टेको प्रकोप बढेको छ त्यही प्रकोपबाट जोगाउन सिरहाको लहान नगरपालिकाले झुल वितरण सुरु गरेका छन्। मंगलबार वडा नम्बर १५ ढोढनाबाट वितरण सुरु गरेका छन्। त्यहाँको २७५ विपन्न, दलितलाई वितरण गरिएको मेयर महेश चौधरीले जानकारी गराए। 'गर्मी र वर्षातको मौसम सुरु हुनेबित्तिकै लामखुट्टेको प्रकोप बढेको छ। टोकाइबाट मानिसहरू बिरामी पर्न थालेका छन्,' उनले भने, 'स्थानीयको माग अनुसार यो झुल वितरण सुरु गरिएको हो।' यस नगरका २४ वटै वडाका गरिब, विपन्न र दलित परिवारलाई पालैपालो झुल वितरण गरिने उनले मेयर चौधरीले सुनाए। डेंगु, मलेरिया जस्ता रोगबाट जोगिन मद्दत पुग्ने उनले सुनाए।

## सुतली बम पड्काएर सिरहामा लुटपाट

वीरगन्ज, १ जेष्ठ। सिराहाको लहानमा सुतली बम पड्काएर चार वटा घरमा लुटपाट भएको छ। सोमबार राति १२ बजे अपरिचित समूहले हरिचोकमा सुतली बम पड्काएर चार घरमा लुटपाट गरेको सिराहा प्रहरीले जानकारी दिएको छ। लहान नगरपालिका -१७ हरिचोकमा हतियारधारी समूहले हरिचोकमा तर्साउनको लागि बम पड्काएर चार घरमा लुटपाट गरेको सिराहा एसपी रमेश पण्डितले बताए। उनका अनुसार अनुसार चार घरबाट करिब ४ लाख रुपैयाँ लुटपाट गरिएको छ। प्रहरीका अनुसार स्थानीय रामनारायण ठाकुर, रामप्रसाद यादव, महावीर साह र हरि यादवको घरबाट लुटपाट भएको हो।



अपरिचित लुटेरा समूहले चार वटै घरबाट नगद र सुनचाँदीका गरगहना र अन्य सामान लुटेर भागेको पीडितहरूले प्रहरीमा बयान दिएका छन्। हतियारधारी समूह भारतीय रहेको प्रहरीले जनाएको छ। घटनापश्चात् लुटेरा समूहको खोजीमा तीव्रता दिइएको प्रहरीले जनाएको छ। लुटपाट गर्न पड्काइएको बमको छर्रा लागेर ५ जना घाइते भएको प्रहरीले जानकारी दिएको छ। घाइतेहरूको लहान प्रादेशिक अस्पतालमा उपचार भइरहेको एसपी पण्डितले जनाए।

## जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिने

काठमाडौं, १ जेष्ठ। सरकारले राष्ट्रिय संस्कृति नीति कार्यान्वयनमा ल्याउने भएको छ राष्ट्रिय महत्त्वका अभिलेख आधुनिक प्रविधिबाट संरक्षण गर्ने भएको छ। मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस्तो घोषणा गर्नुभएको हो। मौलिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण र विकास गरिनेछ। जानकी मन्दिर लगायतका महत्वपूर्ण सम्पदालाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गरिनेछ। सांस्कृतिक तथा धार्मिक स्थलहरूको पर्यटकीय स्थलको संस्थागत विकासका लागि व्यवस्था गरिनेछ।






## शिलान्यास भएको तीन वर्ष बित्दा पनि सुरु भएन मन्दिर निर्माण कार्य

**जीवछ यादव**

लहान, १ जेष्ठ। कुनै पनि धार्मिक सामाजिक कार्यका लागि निर्माण कार्य सुरु गर्नुभन्दा अगाडि भूमि पूजा गरेर शिलान्यास गर्ने धार्मिक मान्यता छ। पूजा गरेर शिलान्यस गर्नु भनेको कार्य सुरु गर्नु हो। लहान नगरपालिका -१३ गणेशपुरमा शिव मन्दिर निर्माणका लागि शिलान्यास गरेको तीन वर्ष पूरा हुन लाग्यो, तर अझै पनि मन्दिर निर्माण कार्य सुरु हुन सकेको छैन। लहान-१३ गणेशपुर गाउँदेखि पश्चिम पक्कीटोल जाने बाटोमा शिव मन्दिर निर्माणको शिलान्यास तत्कालीन वडाध्यक्ष इश्वर बहादुर बस्नेतले गर्नुभएको थियो।



शिलान्यास गर्दा एक वर्षभित्रै मन्दिर निर्माण गरिने लक्ष्य लिएर सुरु गरिएको थियो।

मन्दिर निर्माण स्थलसँगै जोडिएको जग्गामा पोखरी खनेर माछापालन र भैँसीपालन सुरु गर्नुभएको दीपेन्द्र साहले व्यक्तिगत रुपमा नै मन्दिर निर्माण गरिदिने शर्तमा पूर्व वडाध्यक्ष बस्नेतको हातबाट शिलान्यस गराउनुभएको थियो। शिलान्यासपछि स्थानयि गणेशपुरवासीले सार्वजनिक जग्गामा हामी सबै गणेशपुरवासीले नै भव्य


-बाँकी दुई पेजमा



## तातोहावा "लु" का असर तथा लक्षण

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,

यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## संसदीय छानबिनको आश्वासन : इमानदार प्रयास कि रणनीतिक चतुऱ्याइँ ?

नेपाली कांग्रेसको सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न नरोक्ने निर्णय सराहनीय छ। सहकारी ठगीमा संसदीय छानबिन समितिको माग राखेर कांग्रेसले अगिल्लो अधिवेशनदेखि नै संसद्को बैठक अवरुद्ध गर्दैआएको थियो। अहिले अपराह्न संसद्को संयुक्त बैठमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम छ। प्रतिनिधि सभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले राष्ट्रपतिले प्रस्तुत गर्ने सरकारको नीति तथा कार्यक्रम प्रस्तुतिमा अवरोध नगर्ने निर्यण गरेर कांग्रेसले संसदीय अभ्यासको मर्यादा पनि राखेको देखियो। गृहमन्त्री रवि लामिछाने संलग्न भएको आरोपमा संसदीय छानबिन समिति गठनको मागमा कांग्रेसले अडान राख्दै आएको छ।

सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिनका लागि प्रमुख विपक्षी दल नेपाली कांग्रेसलाई राजी गराउन प्रधानमन्त्री पुष्पकमल दाहाल संवादमा लागेका थिए। उनले आज बिहान पनि कांग्रेस नेताहरूसँग वार्ता गर्दै सहकारी ठगीमा छानबिन समिति बनाउने विपक्षको माग आफू सकारात्मक भएको आश्वासन दिएको बताइएको छ। कांग्रेस नेताहरूका लागि पनि राष्ट्रपतिको सम्बोधन अवरुद्ध गर्न सहज पक्कै थिएन। संसदीय अभ्यासका संयुक्त सदनमा राष्ट्राध्यक्षको वार्षिक सम्बोधनमा अवरोध गर्नु मर्यादित कार्य मानिदैन। नेपाली कांग्रेसले आफूलाई स्थापनाकालदेखि नै संसदीय लोकतन्त्रप्रति प्रतिबद्ध दलका रूपमा प्रस्तुत गर्दै जो आएको छ।

प्रधानमन्त्री दाहालले कांग्रेस नेताहरूलाई दिएको भनिएको सहकारी ठगीमा संसदीय छानबिन समिति बनाउने आश्वासन पूरा हुन भने सजिलो देखिँदैन। कारण, सत्तारुढ गठबन्धनको प्रमुख घटकहरू नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वले सहकारी ठगीमा संसदीय छानबिन समिति गठन गर्ने मागको चर्को प्रतिवाद गर्दैआएको छ। वार्षिक नीति तथा कार्यक्रम र आयव्यय अनुमान (बजेट) प्रस्तुत हुने भएकाले संसद्को बर्खे अधिवेशन अपेक्षाकृत बढी महत्त्वपूर्ण हुन्छ। यी दुवै अभ्यासमा संसद्को सबैभन्दा ठूलो दल सहभागी नभए सरकारको नैतिक वैधतामा समेत प्रश्न उठ्नेछ। यसैले प्रधानमन्त्री दाहाल कांग्रेसका नेताहरूलाई दिएको वचनप्रति इमानदार हुने अपेक्षा गर्नु अन्यथा हुनेछैन।

सहकारी ठगीमा संसदीय छानबिनको मागमा प्रधानमन्त्रीको प्रतिबद्धता रणनीतिरूपमा प्रयोग गरिएको क्षणिक चतुऱ्याइँमात्र साबित भयो भने संसद् पुनः अवरुद्ध हुने निश्चित प्रायः देखिन्छ। प्रमुख विपक्षले अवरोध गर्दागर्दै पनि बल प्रयोग गरेर प्रस्तावहरू पारित भएको घोषणा गरिएला तर त्यस अवस्था कसैका लागि पनि हितकर हुँदैन। सहकारी ठगीमा संसदीय छानबिन समिति गठन गर्ने विषयलाई प्रतिष्ठाको प्रश्न नबनाई संसद् राम्ररी सञ्चालन गर्ने वातावरण बनाउने मूल दायित्व प्रधानमन्त्रीकै हो। यसैले प्रधानमन्त्री दाहालले संसदीय समिति बनाउने आफ्नो प्रतिबद्धता पूरा गरून्। संसदीय पद्धतिमा प्रधानमन्त्रीसँग असहमत हुनेले सरकार छाड्नुपर्छ। यति मर्यादा त राख्लान् नि एमाले रास्वपाका नेताले [




# बारामा स्वास्थ्य बीमा कार्यक्रम : अस्पतालमा औषधि छैन, डाक्टरको सेवा पनि पाइँदैन

**शारदा पोखरेल**

बारा, १ जेष्ठ। आदर्श कोतवाल गाउँपालिका वडा नं ५, रुपौलिया टोलका रामनरेश प्रसाद यादव उपचारका लागि कलैया अस्पताल आउजाउ गर्न ४ सय रुपैयाँ भाडा तिर्छन्। यादव गाउँबाट अस्पताल आइपुग्दा एकदेखि डेढ घण्टा लाग्छ। ११ बजे अस्पतालको लामो लाइनमा बस्दाबस्दै रसिद काट्ने समय गुज्रिन्छ। पुनः उपचारका लागि अर्को दिन अस्पताल धाउँदा खर्च र समय उस्तै लाग्छ। कलैया अस्पतालमा आकस्मिक सेवा बाहेकका ओपीडी सेवाको रसिद काट्ने समय १२ बजेपछि सकिन्छ भने २ बजेपछि डाक्टर भेटिँदैनन्।

प्रादेशिक अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागु भए पनि उपचारका लागि आएका बिरामीहरू औषधि नपाउने र डाक्टरसमेत भेट नहुँदा चेकजाँच नगराइ घर फर्कन बाध्य भएको गुनासो गर्दछन्। 'डाक्टरहरू ११ बजे अस्पतालमा आउनुहुन्छ, १२ देखि १ बजेसम्म चेकजाँच गर्नुहुन्छ र जानुहुन्छ। हामी अलिकति ढिलो भयो भने उपचार नगरी फर्कनुपर्छ,' रामनरेश यादवले भने, 'अर्को दिन फेरि अस्पताल आउजाउ गर्न ५ सय रुपैयाँ खर्च हुन्छ। अस्पतालले कम्तीमा २ बजेसम्म रसिद काट्ने समय राख्नुपऱ्यो। हामी गाउँबाट आउँदा ११ बज्छ। लामो लाइनमा कुर्दाकुर्दै स्वास्थ्य बीमाकर्ताहरूको रसिद काटिँदैन। त्यत्तिकै फर्कनु पर्छ।'

महागढीमाई नगरपालिकाकी बीमा सहजकर्ता सुधा यादवले २५० परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गराइसकेकी छन्। उनले अधिकांश बिमितले कलैया अस्पतालबाट औषधि र उपचार दुवै नपाएको गुनासो आएको बताइन्। 'कलैया अस्पतालमा कुनै औषधि पाइँदैन भन्ने गुनासो छ, सबै औषधि बाहिर पैसा तिरेर किन्नुपर्छ। भिडियो एक्सरे पनि बाहिरबाट गरेर ल्याउन भन्नुहुन्छ,' यादवले भनिन्, 'गाउँको स्वास्थ्य केन्द्रबाट यहाँ रिफर भएका बिरामीहरू यहाँ आउँदा २ बजेपछि डाक्टर भेट्दैनन्, चेकजाँच हुँदैन। औषधि पनि १/२ वटामात्रै पाउँछ, बाँकी सबै बाहिर पैसा तिरेर किन्नुपर्छ।'

सरकारले २०७७ सालदेखि बारा जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागु गरेको हो। जिल्लाका १६ वटा पालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था र कलैया अस्पतालमा बीमा कार्यक्रम लागु छ। स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत मुटु, मिर्गौला, सुगर, उच्च रक्तचाप लगायतका दीर्घरोग, भिडियो एक्सरे, ल्याबसहित १ हजारभन्दा बढी प्रकारका औषधि निःशुल्क पाइन्छ। तर कलैया अस्पतालमा भने सामान्य रुघाखोखीको समेत औषधि नपाएको स्वास्थ्य बीमा कार्यक्रम बारा जिल्लाका प्रमुख रमेश खनियाँको आरोप छ।

'स्वास्थ्य बीमा कार्यक्रम अरु जिल्लामा धेरै राम्रो छ तर बारा जिल्लामा खत्तमै छ, यहाँ अस्पतालबाट न सेवा पाइन्छ, न डाक्टर भेटिन्छ। एउटा सिटामोलसमेत पाइँदैन,' खनियाँले भने, 'कलैया प्रादेशिक अस्पताल यस्तो पनि हुन्छ ! यहाँ अस्पताल सुधार्न बोलिदिने जनप्रतिनिधि, दलका नेता कोही छैनन्, सबैलाई राजनीतिमात्रै गर्नुछ।' खनियाँले अस्पतालमा पहुँच भएका केही सीमित राजनीतिक दलका नेता, कार्यकर्ता, कर्मचारी र जनप्रतिनिधिहरूले मात्रै सेवा पाएको तर ज्येष्ठ नागरिक, विपन्न महिला तथा बालबालिकाले कुनै सेवा सुविधा नपाएको बताए।

कलैया उपमहानगर वडा नं २ का वडासदस्य अख्तर हुसेनले कलैया अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागु भए पनि कुनै सेवा नपाएको बताए। 'स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत धेरै औषधि निःशुल्क पाइन्छ भन्छन् तर मैले आजसम्म कुनै औषधि पाएको छैन,' हुसेनले भने, 'यो एकदमै नराम्रो कुरा हो, म सुगरको बिरामी हो। आजसम्म अस्पतालबाट औषधि पाएको छैन। सधैँ चर्को मूल्य तिरेर बाहिर किनेर खानुपर्छ।' कलैया अस्पतालमा बारा जिल्लाको सबैभन्दा पुरानो र ठुलो अस्पताल हो। यहाँ आकस्मिक सेवाबाहेक ओपीडी सेवा लिनमात्रै दैनिक ५ सयभन्दा धेरै बिरामी आउँछन्। जसमा ६० प्रतिशतभन्दा धेरै बीमित भएको अस्पताल प्रशासनले जनाएको छ।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत बारा जिल्लामा ३ हजार बढी परिवार जोडिएका छन् भने करिब २ हजार लक्षित वर्ग (ज्येष्ठ नागरिक, अति विपन्न, अपाङ्ग, स्वास्थ्य स्वयंसेविका) आवद्ध छन्। स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने जथाभावी खर्चको जोखिमलाई अग्रिम व्यवस्थापन गर्दै वित्तीय संरक्षण प्रदान गर्ने सरकारले ल्याएको सामाजिक सुरक्षा कार्यक्रम हो। सहज रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकारले सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यले २०७२ सालदेखि स्वास्थ्य बिमा लागु गरेको हो। स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा ऐन २०७४ स्वास्थ्य बीमा नियमावली २०७५ लागु भइसकेको छ।

यस नियमावलीले ज्येष्ठ नागरिकको लागि सरकारले नै बीमा प्रिमियम तिरिदिने गरी छुट्टै एकाइको रूपमा वार्षिक एक लाख रुपैयाँ बराबरको स्वास्थ्य बीमाको व्यवस्था गरिएको छ। साथै, सम्पूर्ण संगठित क्षेत्रलाई आम्दानीको एक प्रतिशत योगदान गर्ने गरी बीमामा आबद्ध हुने अनिवार्य व्यवस्था छ।

**२० वर्ष पुरानो जनशक्तिले अस्पताल चलाउन बाध्य छौं :व्यवस्थापन समिति अध्यक्ष चौगाँई**

कलैया अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष प्रकाश चौगाँईले २० वर्ष पुरानो जनशक्तिले अस्पताल चलाउन बाध्य भएकाले अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन नसकिएको बताएका छन्। 'यहाँ एउटा डाक्टरले ५० जना बिरामी हेर्ने लिमिट बनाउनु भएको छ, त्यसपछि राउन्ड पनि लिनुहुन्छ। स्वास्थ्य बीमाको रेफरमात्रै दैनिक २०० देखि ३०० जना आउनुहुन्छ,' उनले भने, '४ जना डाक्टरले दैनिक ४०० देखि ५०० बिरामी हेर्नुहुन्छ, कलैया अस्पतालमा डाक्टरको दरबन्दी भनेको ४ जना हो, हामीलाई कम्तीमा ९ जना डाक्टर चाहिएको छ।'

प्रादेशिक अस्पताल कलैयामा ४ जना डाक्टरसहित १२५ जना स्वास्थ्यकर्मीको टोली छ। अस्पताल सञ्चालन गर्न स्थानीय तहको कुनै सहयोग छैन भने संघीय सरकार, स्वास्थ्य मन्त्रालयले सामाजिक सेवा इकाई मार्फत वार्षिक २० देखि २५ लाख रुपैयाँ सहयोग गर्दै आएको छ। प्रदेश सरकारबाट निःशुल्क औषधि, इन्धन, सौन्दर्यीकरणमा बजेट आउने गर्दछ। चालु आर्थिक वर्षमा अस्पतालको भवन निर्माणका लागि मधेस प्रदेश सरकारबाट २ करोड बजेट विनियोजन भएर डीपीआरको काम भइरहेको अस्पताल प्रशासनले जनाएको छ। अस्पताल व्यवस्थापन समितिका अध्यक्ष चौगाँईले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन समिति बनाउन आवश्यक भएको बताए।

**स्वास्थ्य बीमाको दायरा बढाउनुपर्छ :अस्पताल प्रमुख गुप्ता**

प्रादेशिक अस्पताल कलैयाका मेडिकल सुपरिटेन्डेन्ट डा. अजय कुमार गुप्ताले सरकारले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन यसको दायरा १ लाख रुपैयाँबाट बढाउनुपर्ने बताए। उनले दीर्घ रोगी तथा ठुलो शल्यत्रिया गर्नुपरेको खण्डमा १ लाखमा १ वर्ष उपचार गर्न नसकिने भएकाले यसको दायरा बढाउन सुझाव दिए। 'ठुलो अप्रेसन गर्दा १ लाखले खर्च धान्दैन, सरकारले स्वास्थ्य बीमाको रकम १ लाखबाट बढाउनुपऱ्यो, बरु शत प्रतिशत निःशुल्क नगर्दा हुन्छ,' अस्पताल प्रमुख गुप्ताले भने, 'अर्को ठुलो समस्या बीमाका अस्पतालबाट जुन खर्च भएको छ, त्यो पैसा सरकारबाट समयमै आउनुपऱ्यो। हामीकहाँ पैसा नआएको धेरै भएकाले अस्पताल चलाउन पनि गाह्रो छ।'

स्वास्थ्य बीमा बापतको रकम संघीय सरकारबाट प्रत्येक महिनामा भुक्तानी भएमा औषधि खरिद लगायत अस्पताल सञ्चालन गर्न सहज हुने गुप्ताको भनाइ छ। उनले पछिल्लो समय अस्पतालमा औषधिको ठुलो समस्या भएको बताए। 'अहिले हामीकहाँ औषधिको ठुलो समस्या छ, हामीकहाँ आकस्मिक सेवा २४ सै घण्टा भए पनि बिरामीहरूको लागि ओपीडी १२ बजेसम्म मात्रै चलाइरहेका छौँ,' मेडिकल सुपरिटेन्डेन्ट गुप्ताले भने, 'हाम्रो अस्पतालमा फिजिसियिन १ जना, सर्जन २ जना, गाईनो १ जनामात्रै हुनुहुन्छ। एउटै डाक्टरले सबैतिर हेर्नुपऱ्यो, बिरामीको चाप धेरै छ। २/२ जना डाक्टर भएको भए ओपीडीको समय बढाउन सकिन्थ्यो होला।'

अस्पतालका प्रमुख डा. गुप्ताले कलैया अस्पतालमा मुटुरोग, थाइराइड, मधुमेह, नसासम्बन्धी सबै उपचार, महिला रोग विशेषज्ञ, हाडजोर्नी रोग विशेषज्ञ, भिडियो, अल्ट्रासाउण्ड, हर्नियाको शल्यक्रिया, इण्डोस्कोपी सर्जरी, डाइलासिस लगायतको सुविधा भएको जनाए।




## शिलान्यास भएको...

मन्दिर बनाउने निर्णय गरेपछि साह पछि हट्नुपरेको थियो।

स्थानीय झिगुर रामका अनुसार दीपेन्द्र साहलाई मन्दिर निर्माण गर्न नदिएको गणेशपुरवासीले मन्दिर निर्माण कार्य अघि बढाउनुपर्दथ्यो। मन्दिर निर्माण स्थलमा राखिएको मन्दिर निर्माणको बोर्डको रङ्ग पनि उडि सक्यो। शिलान्यास गरेको खाल्डो पनि पुरिसक्यो। तर मन्दिर निर्माण कार्य अघि नबढ्दा यसले गणेशपुरवासी चिन्तित भएका छौं। गणेशपुर गाउँमा शिलान्यास भएको शिव मन्दिर निर्माणका लागि स्थानीय गणेशपुरवासीहरुको बिचमा सहमति जुट्न नसकेको र संघ प्रदेशको निर्वाचनमा मन्दिर निर्माण गरिदिइने संघीय माननीयहरुले चासो नसदएपछि मन्दिर निर्माणको कार्य अघि बढ्न नसकेको स्थानीय प्रकाश चौधरीले बताउनुभयो।

जब तीन वर्ष अघि शिलान्यास भएको मन्दिर निार्मण कार्य अघि बढ्न सकिरहेको छैन् भने अन्य विकासका कामहरु कसरी अघि बढ्ने व्यापक गुनासो भइरहेको स्थानीय जगवीर यादवले बताउनुभयो। शिलान्यास गरीदिने तर निर्माणम कार्य सम्पन्न नहुने प्रवृत्ति ठीक नभएको स्थानीयहरुको गुनासो गर्दै शिलान्यास गर्ने जनप्रतिनिधिले मन्दिर निर्माण कार्य पूरा गराउनुपर्ने माग गर्नुभयो।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।

# बच्चाको आँखा कमजोर भएको कसरी थाहा पाउने ?

**डा. सविन ढकाल**
मोतीबिन्दु तथा रिफ्राक्टिभ सर्जन

अहिले बच्चाको लागि मनोरञ्जनको माध्यम बनिरहेको छ मोबाइल। जसकारण बच्चाको स्क्रिन टाइम बढेको छ। त्यसैले बच्चाहरू मोबाइलमा धेरै समय बिताउन चाहन्छन्। यस्तोमा अभिभावकले धेरै समय स्क्रिनमा बिताउँदा 'मेरो बच्चाको आँखा बिग्रियो' भनेको सुनिन्छ। स्क्रिन टाइम बढी भन्दा पनि नजिकको काम धेरै गर्नाले आँखा खराब हुने हो। धेरै समय स्क्रिन हेरेर मात्रै आँखा खराब हुने होइन, धेरै नजिक राखेर हेर्दा आँखा खराब हुने हो। धेरै अगाडि राखेर किताब नै पढ्यो भने पनि आँखाले टाढा हेर्न नपाएर नजिक मात्र हेर्दा त्यसले आँखालाई असर गर्छ।

आँखा नजिक र टाढा सबैतिर हेर्नका लागि हो। तर बच्चाले धेरै समय घरमा बसेर मोबाइल, ल्यापटप चलाउँछन्, जसले गर्दा उनीहरूले टाढाको वस्तु हेर्दैनन्। जब बच्चाले टाढाको हेर्न छोड्छ, बच्चाको आँखा नजिक हेर्ने खालको बनिदिन्छ, जसलाई 'नियर-साइटेड्नेस' भनिन्छ। नजिक मात्र हेर्दा आँखाको लम्बाइ बढ्छ, नजिक मात्र हेर्ने बन्दिन्छ र बच्चाले टाढाको राम्ररी देख्दैन। पहिले बच्चाहरू घरमा धेरै बस्दैनथे, बाहिर निस्किएर खेल्थे, टाढाको कुरा हेर्थे, जसले गर्दा उनीहरूमा चस्मा लगाउनुपर्ने समस्या खासै देखिँदैन थियो। अहिले बच्चाहरू घरमा धेरै समय बिताउँछन्, मोबाइल र ल्यापटप चलाएर। यस्तोमा उनीहरूमा टाढाको दृश्य धमिलो देखेर चस्मा लगाउनुपर्ने देखिन्छ।

**बच्चाको आँखा कमजोर भएको थाहा पाउने उपाय**

हरेक अभिभावकले बुझ्नुपर्छ, बच्चा जन्मिएदेखि उमेर बढ्दै जाँदा उसले जे देख्छ, त्यसलाई नै सत्य मान्छ। जस्तो बच्चाले टाढा बोर्डमा लेखेको कुरा पढ्न सक्दैनन् भने सबैले टाढाको पढ्न सक्दैनन् होला भन्ने लाग्छ। त्यसैले मैले टाढाको देख्दिनँ वा धमिलो देख्छु भनेर बच्चाले भन्दैन। त्यसैले बच्चाले आँखा कमजोर भयो देख्दिन भन्दैन भने पनि समय-समयमा उसको आँखाको जाँच गराउनुपर्छ। बच्चा जन्मिएको ३-४ महिनापछि एकपटक र बच्चा स्कुल जाने भएपछि फेरि एकपटक आँखा जाँच गर्नुपर्छ। यो दुईपटक आँखा जाँच गर्दा बच्चामा केही समस्या छ भने समयमै उपचार गर्न सकिन्छ र समस्या छैन भने पनि समस्या हुनबाट बचाउन सकिन्छ।

बच्चाले आफैं म आँखा देख्दिन भन्छ भने त आमाबुबाले आँखा जाँच गर्न लैजानुपर्छ। त्यस्तो नभन्ने बच्चामा पनि यी लक्षणको आधारमा थाहा पाउन सकिन्छ।

- आँखा कमजोर भएको बच्चाले टिभी हेर्दा टाढाबाट हेर्दैनन्, नजिक गएर हेर्छन्।
- बच्चाले टाढाबाट मान्छेलाई राम्ररी चिन्दैन। बच्चाले खेलौना खेल्दा वा हेर्दा पनि एकदमै नजिक ल्याएर खेल्छन् हेर्छन्।
- आँखा कमजोर भएको अर्को लक्षण भनेको बच्चाले बीचबीचमा आँखा टेढो पारेर हेर्छन्।
- बच्चाले एकातिर मात्र टाउको बंग्याएर हेरिरहेको छ भने त्यो पनि आँखा कमजोर भएको लक्षण हुनसक्छ। बच्चाले बारम्बार यस्तै व्यवहार देखाउँछ भने अभिभावकले आँखा कमजोर भएको थाहा पाउनुपर्छ।
- बच्चाले आँखा खुम्चाएर हेर्छन् वा आधा आँखाले मात्र हेर्छन् भने पनि उनीहरूको आँखा कमजोर भएको हुनसक्छ। यदि टेलिभिजन हेर्दा वा पढ्दा तपाईंको बच्चाले आधा आँखाले मात्र हेर्छ भने पनि अभिभावक सचेत हुनुपर्छ।



**शिशुको आँखा कमजोर भएको कसरी पत्ता लाग्छ ?**

बच्चादेखि बूढोसम्म हरेक व्यक्तिको आँखाको बनावट एउटै किसिमको हुन्छ। सबैभन्दा अगाडि आँखाको नानी त्यसपछि लेन्स, पर्दा र नसा हुन्छ। कुनै शिशुलाई आँखा जाँच गराउन लगियो भने आँखाको अगाडिदेखि पछाडिसम्म सबै कुराहरू ठीक छ कि छैन भनेर हेरिन्छ। यसरी हेर्दा कसैमा मोतीबिन्दु, कसैमा जलबिन्दु र टेढोपना छ कि छैन भन्ने कुरा बच्चाले भन्न नसकेपनि जाँचबाट नै पत्ता लाग्छ।

बच्चाले सफा र प्रष्ट देख्छ कि देख्दैन भन्ने कुरा पत्ता लगाउन नम्बर जाँच गर्नुपर्छ। त्यसका लागि बच्चाले सहयोग गर्नु पर्दैन। केही लाइटको सहयोगमा बच्चाको आँखामा नम्बर ठीक छ कि छैन भनेर हेरिन्छ। बच्चालाई दुईवटा कुरा देखायो भने उसलाई मनपर्ने कुरातिर हेर्छ कि हेर्दैन भनेर पनि जाँच गरिन्छ। यसरी विभिन्न जाँच मार्फत बच्चाको आँखामा समस्या छ कि छैन भन्ने कुरा पत्ता लाग्छ।

**कुन उमेरका बच्चामा आँखाको समस्या बढी देखिएको छ ?**

यसको ठ्याक्कै तथ्यांक भन्न गाह्रो हुन्छ, किनभने वंशाणुगत रुपमा आमाबुबामा आँखा कमजोर हुने समस्या भएर जन्मेका बच्चामा सानो उमेरबाट नै समस्या देखिन सक्छ। दुई-तीन वर्षको उमेरमा पनि धेरै पावरको चस्मा लगाउनुपर्ने पनि देखिन्छ। बच्चाले धेरै मोबाइल चलाएर घरमै बस्छन्, धेरै बाहिर टाढा हेर्दैनन् भने जुन उमेरबाट मोबाइल चलाउन थाल्छन्, त्यही उमेरबाट समस्या देखा पर्छ। चार-पाँच वर्षको उमेरबाटै आँखा कमजोर हुनसक्छ। अभिभावकमा आँखा कमजोर हुने समस्या छ र बच्चाले एकदमै धेरै मोबाइल चलाउँछ भने वंशाणुगत र वातावरणीय दुवै कारणले बच्चामा आँखाको समस्या देखापर्ने भयो।

**बच्चाको आँखा कमजोर हुनबाट बचाउन सकिन्छ**

आँखालाई कमजोर हुनबाट बचाउन अनुशासनको पालना गर्नुपर्ने हुन्छ। म मेरो बच्चाको आँखा कमजोर हुनबाट बचाउन चाहन्छु भन्नेहरूले यी कुरामा ध्यान दिनुपर्छ। बच्चा जन्मेको केही महिनापछि र स्कुल जाने भएपछि आँखा जाँच गराउनुपर्छ। यो बेला जाँच गर्दा जन्मजात समस्या र स्कुल जाने बेलासम्ममा केही समस्या निम्तिएको भए पत्ता लाग्छ। जसले गर्दा उपचार गरेर अरू समस्या हुनबाट बचाउन सकिन्छ।

बच्चालाई कम्तीमा पनि दुई घण्टा बाहिर खेल्न पठाउनुपर्छ। स्कुलमा पनि खाजा खाने समयमा बच्चालाई कक्षाकोठामा बस्नु भन्दा बाहिर गएर खेल भनेर सिकाउनुपर्छ। यसरी बाहिर खेल्दा उनीहरूले टाढाको कुरा हेर्छन्। त्यसो गर्दा आँखालाई टाढा पनि हेर्नुपर्छ भन्ने सन्देश जान्छ। हाम्रो शिक्षा प्रणालीमा पनि किताब तथा कम्प्युटरमा मात्र सीमित नगरेर व्यावहारिक शिक्षामा पनि जोड दिएमा आँखाको स्वास्थ्यको लागि राम्रो हुन्छ।

मनोरञ्जनका लागि बालबालिकालाई मोबाइल, ट्याब भन्दा टाढा बसेर टिभी हेर्नु राम्रो हुन्छ। बालबालिकालाई मनोरञ्जनको लागि मोबाइल दिने हो भने पनि आधा घण्टा बढी दिनु हुँदैन। बच्चालाई मोबाइलमा खेल्नका लागि समय तोक्नुपर्ने, पढ्नको लागि नपर्ने भन्ने पनि लाग्ला। तर बच्चाले पढ्दा मोबाइलमा धेरै समय बिताउँदैनन् जति खेल्दा बिताउँछन्। बच्चा पढ्ने टेबल भन्दा अघि खुल्ला ठाउँ, झ्याल भएको हुनुपर्छ। कुनामा बसेर पढ्दा, एकै ठाउँमा हेर्दा बच्चाको आँखा कमजोर हुनसक्छ। खुल्ला ठाउँमा बसेर पढ्नु, बेलाबेलामा बाहिर हेर्नु आँखाको लागि राम्रो हो। मोबाइलमा गेम खेल्नु भन्दा आउटडोर गेम खेल्दा बच्चाको शरीर र आँखा दुवै राम्रो हुन्छ।

अभिभावकले आफ्नो सजिलोको लागि बच्चालाई मोबाइल दिने गर्छन्, तर त्यसो गर्नु गलत हो। अभिभावकले मोबाइल दिनुको साटो उनीहरूसँग खेल्ने गर्नुपर्छ। बच्चाले मोबाइल चलाउँदैन भने उसलाई मनपर्ने कुरा गरिदिएर अनुशासनमा राख्न सकिन्छ। बच्चाको आँखा कमजोर छ चस्माको पावर नम्बर बढ्दै गइरहेको छ भने त्यसलाई रोक्ने औषधि पनि पाइन्छ। चिकित्सकको परामर्शमा त्यो औषधि चलाउन सकिन्छ। चस्मा लगाइरहेका बच्चाले गलत नम्बरको चस्मा लगाए भने पनि चस्माको नम्बर बढ्छ। त्यसैले विशेषज्ञ चिकित्सकको सल्लाहमा चस्मा लगाउनुपर्छ।

**चस्मा नलगाउँदा के हुन्छ ?**

चस्मा भनेको कुनै कमजोरी होइन, कमजोरी ठीक पार्ने कुरा हो। कसैको आँखा कमजोर भयो भने चस्मा लगाउनैपर्छ। चस्माको माइनस नम्बर लगाउनुपर्ने भनेको आँखाको साइज ठूलो हुने हो। त्यसलाई ठीक पार्न चस्मा लगाउनु नै राम्रो हुन्छ। कोही बच्चालाई माइनस ३ को चस्मा लगाउने सल्लाह दिइयो भने ओहो बच्चामा यत्रो पावर भनेर अभिभावक आत्तिन्छन् त्यो भन्दा कम पावर लगाउन पाए हुन्थ्यो भन्ठान्छन्। तर चाहिने नम्बर भन्दा कमको चस्मा लगायो भने आँखा धमिलो देख्छन् जसलाई लेजीआई (अल्छी आँखा) भनिन्छ। त्यसैले चस्मा लगाउनु नै उपयोगी हुन्छ।

**बच्चाले मोबाइल हेर्दा ब्लु कट लेन्स लगाइदिनु कति फाइदाजनक ?**

जुन बच्चालाई पावरवाला चस्मा लगाउनुपर्नेछ, उनीहरूले त्यो पावरवाला चस्मा नलगाएर ब्लु कट लेन्सको चस्मा लगाए आँखा सुरक्षित हुन्छ भन्ने गलत धारणा छ। ब्लु कट लेन्स लगाएको बच्चाले जति मोबाइल चलाएपनि आँखामा समस्या हुँदैन भन्नु पनि गलत नै हो। सत्य के हो भने ब्लु कट लेन्सले केही विशेष लाइटलाई रोक्छ। तर ब्लु कटले आँखालाई फाइदा हुन्छ भन्ने कुरा प्रमाणित छैन। बरु ब्लु कट लगाएर शरीरको सर्किडियन रिदम (शरीरको स्वचालित आन्तरिक चाल) बिग्रन सक्छ भन्ने कुरा विभिन्न अध्ययनले देखाएका छन्। ब्लु कट लगाउनु गलत होइन तर त्यसको आडमा धेरै समय मोबाइल चलाउनु भने गलत हो भन्ने कुरा बुझ्नुपर्छ।

# नीति तथा कार्यक्रम : ५ लाख भूमिहीनलाई जग्गा उपलब्ध गराइने

काठमाडौं, १ जेष्ठ। सरकारले देशभरका पाँच लाख भूमिहीनलाई जग्गा उपलब्ध गराउने घोषणा गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा सरकारको आउँदो आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा पाँच लाख भूमिहीनलाई आवास सुनिश्चित गर्नेगरी सरकारले काम गर्ने उल्लेख छ। राष्ट्रपति पौडेलले सरकारले घोषणा गर्दै आएको भू-उपयोगसम्बन्धी नीति बनाउने, तीनै तहका सरकारबीच सहकार्य बढाउँदै भूमिबाट अधिकतम लाभ लिने गरी काम गर्ने बताउनु भयो। तीन लाख हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउनेदेखि राष्ट्रिय गौरवका सिँचाइ परियोजना निर्माणमा जोड दिइने उल्लेख छ।

सरकारले मालपोत र नापीसम्बन्धी आधारभूत सेवा पालिकाबाटै एकीकृत रूपमा अनलाइनमार्फत प्राप्त हुने व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा भनिएको छ। यस्तै घरजग्गा कारोबारलाई व्यवस्थित गर्न तथा मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक बनाउन कानुनी तथा संरचनागत सुधार गरिने उल्लेख छ।

*छोरीलाई विभेद नगरौं,*
*समाजलाई कमजोर नपारौं*

# नीति तथा कार्यक्रम प्रस्तुतिका लागि कांग्रेस किन लचिलो बन्यो ?

**लिलु डुम्रे**

काठमाडौं, १ जेष्ठ। कांग्रेसले राष्ट्रपति रामचन्द्र पौडेललाई नीति तथा कार्यक्रम पेस गर्न देला कि नदेला भन्ने संशयका बीच लचिलो गरी संसद्मा प्रस्तुत भयो। प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारीको रकम हिनामिनामा गृहमन्त्री रवि लामिछाने मुछिएको भन्दै संसदीय छानबिन समिति गठनको माग निरन्तर उठाइरहेको छ। संकटमा रहेका समग्र सहकारीका लागि संसदीय छानबिन समिति बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड तयार भए पनि सत्ताको पहिलो दल एमाले त्यसको विपक्षमा छ। संसद्मा आफ्ना धारणा राख्न पाए संसदीय छानबिन समिति बनाउन अड्को नथाप्ने राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले बताउँदै आएका छन्।

अघिल्लो संसद् र हाल जारी बजेट अधिवेशनमा कांग्रेसले सहकारीको मुद्दालाई उठाइरहेको छ। २८ वैशाखबाट सुरु भएको बजेट अधिवेशनको पहिलो दिन नै संसद् सहज चल्न सकेन। संसदीय छानबिन समितिको पूर्व अडान कांग्रेसले राखिराख्यो। गत शनिबार र आइतबार कांग्रेसको शीर्ष तहका नेताको बैठक बसेर संसदीय छानबिन समितिबाट पछि नहट्ने निर्णय लियो। शीर्ष नेताको बैठकको निर्णय र नेताहरूले व्यक्त गरेका विचारअनुसार आज (जेठ १) मा प्रस्तुत हुने सरकारको नीति तथा कार्यक्रम पेस गर्न नदिने पक्षमा कांग्रेस थियो। आइतबार र मंगलबार बिहान प्रधानमन्त्रीसँग भेटपछि कांग्रेस नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिने गरी लचिलो भएको हो।

मंगलबार बिहान संसदीय दलको बैठकमार्फत कांग्रेसले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिने औपचारिक निर्णय गऱ्यो। तथापि, पूर्वअडान भने यथावत रहेको कांग्रेसले निर्णयमा उल्लेख गरेको छ। सहकारीमा बचत गरेको रकम हिनामिना, दुरुपयोग र अपचलनमा गृहमन्त्री लामिछाने संलग्न रहेको कांग्रेस निर्णय छ। संसदीय छानबिन समिति गठन नहुँदा संसद् बैठक प्रभावित भए त्यसको जिम्मेवार सरकार हुने प्रमुख सचेतक रमेश लेखकले बताए।


पूर्वअडान यथावत राख्दै नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिनुमा प्रमुख कारण प्रधानमन्त्री प्रचण्डको निरन्तरको आग्रहले काम गरेको छ। प्रधानमन्त्री प्रचण्डले 'छानबिन समितिको विपक्षमा नरहेको' भनी कांग्रेसलाई आश्वस्त पारेका छन्। आइतबार र मंगलबार बिहान कांग्रेसका नेताहरूलाई प्रधानमन्त्री प्रचण्डले निवासमा बोलाएका थिए। आइतबार सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, राष्ट्रिय सभामा दलका नेता कृष्णप्रसाद सिटौला र प्रमुख सचेतक रमेश लेखक बालुवाटार पुगेका थिए। मंगलबार बिहान महामन्त्री थापा र प्रमुख सचेतक लेखक बालुवाटार पुगे। ती दुवै बैठकमा प्रधानमन्त्री सकारात्मक रहेको कांग्रेस नेताहरूले प्रतिक्रिया दिएका छन्। 'सत्तापक्षमा छानबिन समितिका लागि कोही सकारात्मक छ भनि त्यो प्रधानमन्त्री नै हो। उहाँले आफैं बोलाएर छानबिन समिति बनाउन प्रयास गरिरहेको बताउनुभएको छ,' कांग्रेसका शीर्ष तहका नेता भन्छन्, 'प्रधानमन्त्रीसँग आशा रहेकाले र उहाँले छानबिन समिति बनाउन वचन दिनुभएकाले नीति तथा कार्यक्रम नरोकेका हौं।'

नीति तथा कार्यक्रम प्रस्तुत गर्न सहमत हुनुमा कांग्रेसले आफ्ना शुभेच्छुकको धारणाले पनि काम गरेको छ। पूर्व सभामुख, पूर्व प्रशासक, नीति निर्माण तहमा रहेका व्यक्तिहरूले विचारलाई पनि मनन गरेर नीति तथा कार्यक्रम नरोकिएको शीर्ष तहका एक नेताले बताए। उनले भने, 'कांग्रेसले उठाएको माग ठिक छ। यो मुद्दालाई नीति तथा कार्यक्रम प्रस्तुत भएपछि उठाउन सकिने आधार रहेकाले अवरोध गर्न हुँदैन भन्ने उहाँहरूको धारणा पायौं।' सत्ता पक्ष र प्रमुख प्रतिपक्षबीचको टकरावले राष्ट्रप्रमुख विवादमा आउने परिस्थिति निर्माण नहोस् भन्ने कांग्रेसले चाहेको थियो। सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिले प्रस्तुत गर्ने संवैधानिक व्यवस्था छ। संसद् अवरुद्ध हुँदा त्यसले पार्टीमाथि प्रश्न उठ्ने र राष्ट्रपतिलाई रोकिने अवस्था हुँदा त्यसको अपजस पार्टीले लिनुपर्ने भएकाले कांग्रेस लचक बनेको हो।

'उहाँ हेड अफ द स्टेट हो। राष्ट्रपति साझा व्यक्ति पनि हो,' केन्द्रीय सदस्य रामहरि खतिवडाले भने, 'नीति तथा कार्यक्रम प्रस्तुत गरेपछि सदन अवरोध गर्ने बाटो हामीलाई छँदैछ।' आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा संसद्मा गतिरोध हुन नदिन प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई विश्वासमा लिनका लागि लगातार प्रयास गरे। छानबिन समिति बनाउन सत्ता पक्षका अरू नेताको ध्यान पुग्न नसके पनि प्रधानमन्त्री गम्भीर देखिएको कांग्रेसको बुझाइ छ। मंगलबार राष्ट्रपति पौडेलले सहज रूपमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवस्था बन्यो। राष्ट्रपतिले नीति तथा कार्यक्रम वाचन लगत्तै दुवै सदनका कामकारबाही अघि बढ्न दिएन। प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट राष्ट्रपतिलाई धन्यवाद ज्ञापन गर्ने कार्यसूची समेत पारित हुन दिएन। नीति तथा कार्यक्रम पछिका सबै कामकारबाही रोक्ने पूर्व निर्णय अनुसार दुवै सदनको बैठक अघि बढ्न दिएन।

# सप्तरीमा बैंकका सुरक्षागार्ड हत्या प्रकरणमा आफन्त पक्राउ





काठमाडौं, १ जेष्ठ। सप्तरीको नेपाल बैंक लिमिटेड फत्तेपुर शाखाका सुरक्षागार्डको हत्या प्रकरणमा मृतक र पक्राउ परेका व्यक्ति आफन्त रहेको खुलेको छ। गत बिहीबार उक्त बैंकमा कार्यरत ५५ वर्षीय पर्शुराम फुयाँलको हत्या भएको थियो। हत्या गरेको आरोपमा प्रहरीले सप्तकोशी नगरपालिका वडा नम्बर ५ बस्ने ३२ वर्षीय चन्द्रबहादुर सुवेदीलाई पक्राउ गरेको छ। सप्तरी जिल्ला प्रहरी कार्यालयले उनलाई पक्राउ गरेकोबारे आइतबार सार्वजनिक गरेको थियो।

डिएसपी ढुण्डिराज न्यौपानेका अनुसार मृतक फुयाँल र सुवेदी नातेदार रहेको खुलेको छ। शनिबार सुवेदीलाई प्रहरीले चितवनको राप्ती नगरपालिका वडा नम्बर १ लोथरबाट पक्राउ गरेको थियो। पक्राउ गर्नको लागि प्रहरीको टोली सप्तकोशीस्थित घरमा समेत पुगेको थियो। त्यसक्रममा प्रहरीले चन्द्रबहादुरका बुवालाई भेटेका थिए। त्यसपछि आरोपित व्यक्ति आफन्त रहेको खुलेको हो। 'प्रहरी जाँदा आरोपीका बुवालाई भेटेका रहेछन्। ती बुवालाई पनि आफ्ना छोराले हत्या गरेको भन्ने थाहा रहेनछ,' न्यौपानेले भने, 'तर उनले प्रहरीसँग आफ्ना सम्धीको हत्या भएको रहेछ भर्खरै पुगेर आएको जस्तो कुरा गरेका थिए। त्यसपछि नातेदार रहेको भन्ने खुलेको हो।'

यसरी नातेदार रहेको खुले पनि आरोपी सुवेदीले भने फुयाँललाई चिन्दैन थिए। डिएसपी न्यौपानेले भने, 'एक पुस्ताले चिनेको भएपनि अर्को पुस्ताले खासै नचिन्ने रहेछ। आरोपीलाई पनि त्यसबारे थाहा रहेनछ।' मृतक फुयाँल कान्तिपुर सेक्युरिटिजबाट विगत ८ वर्षयता त्यही बैंकमा कार्यरत थिए। नेपाली सेनामा काम गरेका उनले पेन्सन पाकेपछि छाडेका थिए।

करिब ३ वर्ष उनले दुबई बसेर समेत काम गरेको खुलेको हो। त्यस्तै पक्राउ परेका आरोपी चन्द्रबहादुर सुवेदी पनि सशस्त्र प्रहरीका पूर्व जवान हुन्। उनी २०७० सालमा सशस्त्रको प्रहरी जवान भएर काम गरेको र २०७९ पुसमा राजीनामा स्वीकृत भएको थियो। चन्द्रबहादुरले आर्थिक अवस्था कमजोर भएकाले बैंक लुट्न जाने योजना बनाएको प्रहरीसमक्ष बताएका थिए। उनको २४/२५ लाख ऋण तिर्न बाँकी रहेको र उक्त ऋण चुक्ता गर्न नसकेपछि बैंक लुट्ने योजना बनाएका हुन्। त्यसबाहेक अन्य कारण नखुलेको प्रहरीको भनाइ छ। बैंक लुट्न जानु पाँच दिन अघि मात्रै पनि उनले रेकी गरेको सिसिटिभी फुटेजमा देखा परेको थियो। 'लुट्न जाने भन्ने हिसाबले बैंकमा प्रवेश गरेको देखियो। उनी शौचालयको भेन्टिलेटरबाट भित्र छिरेका रहेछन्,' न्यौपानेले भनेका थिए।

करिब राति साढे१२ बजेतिर उनी बैंकमा प्रवेश गरेका थिए। लुटपाटका लागि उनले आफूसँग हेक्साब्लेड, रेन्चु, पिलास, डोरी, रड र खुकुरी बोकेका थिए। त्यही सामग्रीको प्रयोग गरी बैंकमा रहेको एउटा ताला फोड्न भ्याएका थिए। यद्यपि दोस्रो तहको ताला भने फोड्न सकेनन्। त्यसो नसकेपछि उनी सुरक्षा गार्ड फुयाँलको कोठामा प्रवेश गरे। त्यहाँ गार्डसँग रहेको चाबी लिन खोज्दा उठेपछि उनले खुकुरी प्रहार गरेका थिए। प्रहरीले उनीबाट घटनामा प्रयोग भएको खुकुरी, उनले बोकेको झोला, त्यसबेला लगाएका कपडा, लुट्न प्रयोग गरिएका सामान र काठ बरामद गरेको छ। पक्राउ गरेपछि उनले लुकाएका सामानको खोजी गरिएको थियो। कतिपय सामान उनकै घरबाट बरामद भएको थियो।

# आउँदो आर्थिक वर्षलाई 'कृषिमा लगानी दशक' घोषणा

काठमाडौं, १ जेष्ठ। सरकारले आर्थिक वर्ष २०८१/०८२ को दशकलाई कृषिमा लगानी दशक घोषणा गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले आज संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुभएको सरकारको आउँदो आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा आर्थिक वर्ष २०८१/०८२ को दशकलाई कृषिमा लगानी दशक घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारीको लगानी वृद्धि गरिने उल्लेख छ। राष्ट्रपतिले प्रमुख खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर हुने गरी कृषि क्षेत्रका कार्यक्रमहरूको पुनर्संरचना गरिनेसमेत बताउनुभयो। कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिने नीति पनि सरकारले लिएको छ।

उहाँले भन्नुभयो, 'आर्थिक वर्ष २०८१/०८२ को दशकलाई कृषिमा लगानी दशक घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारीको लगानी वृद्धि गरिनेछ। कृषियोग्य भूमिको संरक्षण, नदी किनारसहितका बाँझो तथा नदी उकास जग्गाको सदुपयोग एवम् चक्लाबन्दी गरिनेछ।'

# शिक्षकहरूको तलब मासिक रूपमा भुक्तानी गर्ने सरकारको घोषणा

काठमाडौँ, १ जेष्ठ। सरकारले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको तलब मासिक रूपमा भुक्तानी गर्ने घोषणा गरेको छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम घोषणा गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले शिक्षकको पारिश्रमिक मासिक रूपमा प्रदान गर्ने व्यवस्था मिलाइने बताए। शिक्षकहरूले हाल त्रैमासिक रूपमा तलब भुक्तानी पाउँदै आएका छन्। शिक्षकको क्षमता अभिवृद्धिका लागि छात्रवृत्ति तथा नेतृत्व विकासको तालिम दिइने सरकारको योजना रहेको छ। त्यस्तै सरुवा बढुवा लगायतका विषयमा एकीकृत सूचना प्रणालीबाट गरिने राष्ट्रपति पौडेलले बताए।

# मधेशमा जनमतलाई फकाउँदै एमाले-माओवादी, मुख्यमन्त्री बटमलाइन

अजित तिवारी

जनकपुर, १ जेष्ठ। मधेश प्रदेशमा सरकार बनाउन निर्णायक बनेको जनमत पार्टीले मुख्यमन्त्रीलाई बटमलाइन लिएको छ। एमाले–माओवादी गठबन्धनसहितकै गठबन्धनमा जनमत पार्टीको नेतृत्वमा मधेशमा सरकार गठन हुनुपर्ने उसको उडान छ। जनमत पार्टी मधेश प्रदेशका प्रमुख सचेतक सञ्जय यादवले केन्द्रीय सत्ता गठबन्धनसँग मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि छलफल भइरहेको बताए। उनले जनमतको बटमलाइन नै मुख्यमन्त्री रहेकाले सत्ता साझेदार दलहरू त्यसमा सहमत हुने आशा व्यक्त गरे। 'मधेशमा नयाँ सरकार बनाउनका लागि संघमा शीर्ष नेताहरूबीच छलफल भइरहेको छ,' जनमत पार्टीका प्रमुख सचेतक यादवले भने,'मंगलबार साँझसम्म एउटा प्रस्ट तस्बिर आउने सम्भावना छ।'

मधेशमा नयाँ सरकार गठनका लागि शीर्ष नेताबीच नै छलफल गरेर टुंगो लाग्ने भएपछि एमाले, माओवादी, जनमत र लोसपाका मधेश प्रदेश केन्द्रित नेता काठमाडौं लागेका छन्। लोसपा पार्टीका उपनेता उपेन्द्र महतोले आफू सिन्धुलीको बाटो हुँदै काठमाडौंतिर लागेको बताए। 'हामी विकल्पमा पनि जान सक्छौं। तर, जसपासहितको कांग्रेस गठबन्धनमा बसेर सरकार बनाउनु हाम्रो लागि अप्ठ्यारो स्थिति हुनेछ,' जनमत पार्टीका प्रमुख सचेतक यादवले भने।

मुख्यमन्त्री सरोजकुमार यादवले बुधबारका लागि बोलाइएको प्रदेशसभाको बैठक रोक्दै चालु अधिवेशन नै अन्त्यको सिफारिस गरेका छन्। मुख्यमन्त्री यादवको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सोमबार राति १२ बजेदेखि प्रदेश सभाको चालु दोस्रो अधिवेशन अन्त्य गरेकी छन्। 'मंगलबार बिहानै अधिवेशन अन्त्य गरिएको एसएमएस आयो,' जनमत पार्टीका प्रमुख सचेतक यादवले भने,'अल्पमतमा परेको सरकारले गैरसंवैधानिक काम गरेको छ। हामीलाई शंका छ, बजेट अध्यादेशबाट ल्याउन खोजेको छ।'

एमाले–माओवादीले सरकारको साथ छोडेपछि मधेशमा जसपा नेतृत्वको सरकार अल्पमतमा परेपछि नयाँ सरकार गठनका लागि चार दलबीच सोमबार दिनभर वार्ता भए पनि सहमति हुन सकेन। मधेशमा दुई खाले सत्ता समप्करणका लागि दलहरूबीच खिचातानी तीव्र बनेको छ। एमाले, माओवादी, जनमत र लोसपाबीच सत्ता साझेदारी हुँदा सरकार बनाउन बहुमत पुग्छ। एमालेको २५, माओवादीको ९, जनमतको १३ र लोसपाका ८ गरेर ५५ सांसद पुग्छ। मधेश प्रदेशमा १ सय ७ सांसद छन्। जनमत र लोसपालाई तानेर कांग्रेस, जसपा र नेकपा(एस) मिलेर अर्को सत्ता गठबन्धन बनाउने कोसिस पनि भइरहेको छ। यसो हुँदा कांग्रेसको २२, जसपाको १९, जनमतको १३, लोसपाको ८ र नेकपा(एस)को ६ गरी ६८ सांसद पुग्छ। मधेशमा एक–एक सिट रहेको राप्रपा, नागरिक उन्मुक्ति पार्टी र रिजवान अन्सारीको संघीय समाजवादी पार्टी भने सत्ता हेरफेरको दाउमा भने मौन छन्।

# एसिडपीडित साहले नागरिकता नपाउँदा थप पीडा

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १ जेष्ठ। लामो समय संघर्ष गर्दा पनि एसिड पीडित आरती साहले नागरिकता पाउन सक्नुभएको छैन। नागरिकता नहुँदा विभिन्न खालका समस्यासँग जुध्नु परेको छ भने सोचे र चाहे जस्तो काम समेत गर्न पाउनुभएको छैन आरतीले। आरतीका श्रीमान् संजिव साहले वि.स.२०७७ साल कात्तिक २९ गतेका दिन एसिड प्रहार गरेपछि अनुहार जल्नुका साथै आरतीको आँखा समेत गुमाउनुको पिडा त छँदै छ, त्यसमा पनि अनागरिक भएर बाँच्नुले थप पीडा दिएको बताउनुहुन्छ। आरती भन्नुहुन्छ, "जिल्ला प्रशासन कार्यालय धनुषाले मागे अनुसारको नागरिकताका लागि चाहिने सम्पूर्ण कागजात उपलब्ध हुँदा पनि कार्यालयले बारम्बार विभिन्न कागजात मगाएर पीडितलाई थप पिडा दिएको छ।" म एक्लो महिला त्यही पनि एसिडले जलेको शरीर लिएर कहाँकहाँ धाउनु, एकै पटक सबै कागजात माग्नु पर्ने हो तर, यहाँ पटकपटक माग्दा झनै पीडा दिएको महसुस भएको साह भन्नुहुन्छ।

करिब चार वर्षअघि आफ्नै श्रीमानद्वारा एसिड छ्यापिएकी आरतीसँग अहिले नागरिकता नहुँदा विभिन्न खालको समस्या भोग्नुपरेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "विवाह भएदेखि नै ससुराली पक्षले शारीरिक तथा मानसिक रुपमा यातना दिँदै आएका थिए। तर, एक दिन त्यो यातनाले पनि हद पर गर्यो, जब मेरै श्रीमान्ले तेजाब छ्यापी दिए। मेरो जिवन अन्धकार बनाइदियो। तेजाबले मेरो अनुहारसहित आँखा र शरीरको विभिन्न भाग जल्यो। पिडामा झन् पिडा उतिबेला थपियो जब नागरिकता बनाउनकै लागि एसिडले जलेको अनुहारसँग कार्यालयहरुको ढोका ढोका ढकढकाउनु पर्छ र भन्नु पर्छ म एसिड पीडित हुँ। प्रत्येक व्यक्तिले प्रश्न गर्छन्, के भयो? कसरी जल्यो कतिलाई जवाफ दिनु, कतिपय अवस्थामा नबोली हिड्छु। तर, त्यसरी नबोली हिड्ने मान्छे चाँही म होइन।"

दुई वर्ष पहिले जिप्रका धनुषाबाट ससुराली पक्षलाई सनाखतका लागि बोलाउन पहल पनि भएको थियो। तर, सुराली पक्षले आलटाल गरेपछि मेरो नागरिकताको प्रक्रिया अगाडी बढेन आरती भन्नुहुन्छ, "दुई–चार महिनामा प्रजिअ फेरिन्छन्, सबैलाई गएर मेरो सुरुदेखिको घटना सुनाउनु पर्दा दिक्क लाग्छ। नागरिकता नहुँदा छोरीको जन्मदर्ता बनाउन सकेको छैन। छोरीको भविष्य उज्वल बनाउन पनि नागरिकता चाहिन्छ भनेर पुनः नागरिकताका लागि कार्यालय पुगे, नयाँ प्रजिअ आउनु भएको रहेछ। उहाँलाई पनि आफ्नो घटना बारे सम्पूर्ण जानकारी दिए, उहाँले सकारात्मक प्रतिक्रिया दिनुहुँदै भन्नुभयो, "किन बन्दैन आरतीको नागरिकता, अवश्य बन्छ आरती नागरिकता, पीडितलाई थप पिडा दिने काम गर्नु हुँदैन, जन्मदर्ता र विवाह प्रमाणितको कागजात बनाएर ल्याउनु बाँकी पहल कार्यालयले गर्छ।" यति कुरा सुने खुसी हुँदै घर फर्किए र त्यो कागज बनाउन मलाई करिब दुई महिना लाग्यो। त्यसपछि प्रजिअ कहाँ पुगे। पहिला त मलाई अर्कै कोठामा घुमाइयो। मैले भने प्रजिअ ज्यूले सिधा आफूलाई भेट्न भन्नुभएको छ, भन्दा पनि त्यहाँका गार्डलगायत अन्य कर्मचारीले कहिले यो कोठा कहिले त्यो कोठा घुमाइरहे, त्यसपछि बल्ल साढे तीन घण्टाको पखाई पछि प्रजिअसँग भेट भयो। उहाँले सबै कागजात लिएर भन्नुभयो, "अब हामी सम्पर्क गर्छौं, नआत्तिनु तपाईको नागरिकता बन्न समय चाँही लाग्छ।"

एक महिना भयो कुनै खबर नआएपछि पुनः आफैं कार्यालय पुगे तर, त्यो दिन फेरि अर्को फारम थमाएर प्रजिअले भन्नुभयो, "फारममा लेखिएको कागजात ल्याउनु पर्छ।" उक्त फारममा बुवा र आमासहित आरतीलाई चिन्ने पाँच जनाको मतदाता परिचय पत्र र ती पाँच जनाकै हस्ताक्षर समेत चाहिने थियो। यहि कागजात एकै पटक मागेको भए आरतीलाई थप झन्झट हुने थिएन।

अहिले आरती साह छोरीलाई लिएर जनकपुरधाम उपमहानगरपालिकास्थित पेठिया बजार नजिकै डेरा लिएर बस्दै आउनु भएको छ भने घर खर्च टार्न तरकारी व्यापार गरिहरहनुभएको छ। आरतीसँग अहिले नागरिकताका लागि जन्मदर्ता, जन्म प्रमाणित, विवाह भएको प्रमाणित गर्न माइती र ससुराली पक्षको वडाबाट विवाह प्रमाणित कागजात समेत छ। प्रमुख जिल्ला अधिकारी रामु राज कडरीयासँग फोन सम्पर्क हुन नसकेका कारण आरतीको नागरिकता बारे थप जानकारी पाउन सकिएन।



मधेश प्रदेश सरकार मुख्य न्यायाधिवक्ताको कार्यालयमा एसिड पीडित साहलाई जागिर दिने बाचा गरेपनि नागरिकता नभएका कारण जागिर पाउनुभएन। निवर्तमान मुख्य न्यायाधिवक्ता दिपेन्द्र झाले आफ्नो कार्यालयमा कार्यालय सहयोगीको जागिर दिने आश्वासन दिएपनि आरतीको नागरिकता नहुँदा जागिर पाउन सक्नु भएन आरतीले। जलेकाहरुको उपचारमा अहोरात्र खटिरहने सामाजसेवी उज्वलविक्रम थापाले नेपालभरीका एसिड पीडितहरुलाई कुनै न कुनै स्थानमा जागीरको व्यवस्था गरिएका कारण आरतीका लागि पनि जागीरको व्यवस्था गरिएको बताउनुभयो। तर, आरतीसँग नागरिकता नभएका कारण नियुक्ती पाउन नसकेको कुरा उहाँले सुनाउनुभयो। उहाँ भन्नुहुन्छ, "अहिले पनि आरतीको नागरिकता बन्यो भने आरतीलाई जागीर दिलाउने प्रयासमा गर्नेछु।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक :** यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)